"कृषि, पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार"
चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा

पत्र संख्याः-०८१/८२ स्थाः २०७३ कोशी प्रदेश, नेपाल
चलानी नं

मितिः२०८२/०३/१५

**कवाडी संकलन सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मितिः- २०८२/०३/१५

सङ्खुवासभा जिल्ला चैनपुर नगरपालिकाको क्षेत्रभित्रवाट संकलन हुने कवाडीजन्य वस्तुहरुको संकलन तथा निकासिका लागि बार्षिक न्यूनतम रु १,७५,०००।-.(एक लाख पचहत्तर हजार मात्र ) मा ठेक्का व्यवस्थापन गर्ने निर्णय भएकोले निम्न शर्तहरु राखी डाँक बढाबढको लागी १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । ईच्छुक नेपाली नागरिकले २०८२/०३/३० गते दिउसो २ बजे नगर कार्यपालिकाको कार्यालयमा खुल्ला डाँक बढाबढको लागि उपस्थित भई दिनुहुन अनुरोध गरिन्छ ।

शर्तहरुः

१. नगरपालिकाको क्षेत्रभित्रको कवाडी जन्य वस्तुहरुको संकलनको ठेक्का अवधि सम्झौता भएको २०८३ साल असार सम्मको लागी रहने ।

२.ठेक्का बोल्ने ब्यक्तिले १० प्रतिशत रकम धरौटी वापतको रकम नगदै बुझाउनु पर्नेछ उक्त रकम अन्तिममा फिर्ता गरिनेछ ।

३.जसको नाममा ठेक्का सदर भएको निजले ठेक्का विक्री गर्न पाईने छैन ।

४. आफुलाई ठेक्का परेको रकमको पहिलो किस्ताको हकमा ठेक्का सदर भएको मितिले ७ दिनभित्र र बैक ग्यारेन्टी सहित दोस्रो किस्ताको हकमा ३ महिना भित्र भूक्तानी गर्नुपर्ने छ ।

५. तोकिएको समयमा किस्ता नबुझाएमा ठेक्का बदर गरि धरौटी रकमःजफत गरिनेछ र ठेक्का रद्द समेत गर्न सक्ने छ ।

६. ठेक्का बढी बोली ठेक्का नलिएमा धरौटी रकम फिर्ता हुने छैन ।

७. खुल्ला डाँक बढावड दिनको २ बजे बाट सुरु हुने र डाँक बोल्नको लागी १ दिन अगावै अर्थात २०८२/०३/३० गते ५ बजे सम्म चैनपुर नगरपालिकाको राजश्व शाखावाट रु.१०००।– को भौचर काटी निवेदन दर्ता भई सहभागी हुनुपर्नेछ ।

८. निवेदनको साथमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्नेछ ।

९.ठेक्का डाँक बढाबढ खुल्ला विधि द्धरा बढी कवोल गर्ने व्यक्तिलाई दिईने छ । तर उक्त डाँक सदर बदर गर्ने अधिकार न.पा. मा निहित छ । डाँक बढाबढको दिन सार्वजनिक बिदा पर्न गएमा सो को अर्को दिन कार्यालय खुलेको दिन हुनेछ ।

१०. ठेक्का सम्बन्धी अन्य कुराको जानकारी कार्यालय समयभित्र यस नगर कार्यपालिकाको कार्यालय बाट लिन सकिन्छ ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

फोन नं.०२९५७०१३१-०२९५७००४९ वेबसाइटः chainpurmun.gov.np ईमेलः chainpurmun@gmail.com